

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ फागुन २ गते मंगलबार ❑ 14 Feb. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## माओवादी आन्दोलनका विभिन्न पक्षलाई एकताबद्ध हुन अध्यक्ष दाहालको अपिल

**रासस**

काठमाडौं, १ फागुन

प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले माओवादी आन्दोलनका विभिन्न पक्ष (धार) लाई सामाजिक न्याय र रुपान्तरणका निम्ति एकताबद्ध भएर अगाडि बढ्न अपिल गर्नुभएको छ ।

२८औं जनयुद्ध दिवसका अवसरमा पार्टी मुख्यालय पेरिसडाँडामा सोमबार आयोजित कार्यक्रममा उहाँले मुलुकको समृद्धिका लागि माओवादीका विभिन्न धारबीच एकता आवश्यक रहेको बताउनुभएको हो । "यो हामी सबैका निम्ति खुसी र गर्वको कुरा पनि हो, केही समयदेखि आन्दोनललाई एकताबद्ध गर्ने प्रक्रिया अगाडि बढेको छ", उहाँले भन्नुभयो, "सबैले आआफ्नो ढङ्गले त्यो एकता प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने प्रतिबद्धता पनि गरेका छन् ।"

आफैंले पनि धेरै समूहको नेतृत्वसँग पनि पार्टी एकताका लागि विभिन्न छलफल चलाएको उल्लेख गर्दै उहाँले छिट्टै पार्टी एकताको प्रक्रिया अगाडि बढ्ने विश्वास व्यक्त गर्नुभयो । "त्यसले माओवादी नेता कार्यकर्तामा मात्र होइन आम नेपाली जनतालाई पनि फेरि एक पटक नयाँ ढङ्गले उत्साहित गर्नेछ, नयाँ ढङ्गले सङ्गठित गर्ने काम हुनेछ", प्रधानमन्त्री दाहालले भन्नुभयो ।

अध्यक्ष दाहालले माओवादी आन्दोलनभित्रका मात्रै होइन, कम्युनिष्ट र समाजवादी आन्दोलनका शक्तिहरुसँग पनि समाजवादी मोर्चा बनाएर जाने सैद्धान्तिक सहमति बनेको बताउनभुयो । "भोलिको नेपालको नेतृत्व लिन विकल्पका रुपमा छिट्टै एउटा समाजवादी मोर्चा अगाडि आउनेछ", उहाँले भन्नुभयो, "यसका लागि तपाईंहरुले आआफ्नो ठाउँबाट पहल गर्नुपर्ने छ ।"

कार्यक्रममा प्रधानमन्त्री दाहालले जनयुद्ध माओवादीको मात्रै नभएर नेपाल राष्ट्रकै सम्पत्ति भएको बताउनुभयो । "जनयुद्ध माओवादीको मात्र नभएर राष्ट्र र आम नेपाली जनताकै सम्पत्ति बन्न पुग्यो । यसलाई ठीक ढङ्गले स्थापित गर्ने जिम्मेवारी भने तपाईं हाम्रै छ", उहाँले भन्नुभयो, "हामीले नै यसलाई आम जनताका बीचमा स्थापित गर्ने र यसै प्रक्रियाबाट सुशासन र विकासको नयाँ अभियानतर्फ लैजानुपर्ने आवश्यकता छ ।"

ऐतिहासिक दिन भएकाले वैधानिक तवरले जनयुद्धलाई यसअघि नै स्थापित गरिनुपर्थ्यो भन्दै उहाँले ढिलै भए पनि सरकारले जनयुद्ध दिवस मनाउने र सार्वजनिक बिदा दिने निर्णय गरेको बताउनुभयो । "यो निर्णय सम्पूर्ण सहिद, बेपत्ता, घाइते र अपाङ्गता भएका व्यक्तिप्रतिको सम्मान हो", प्रधानमन्त्री दाहालले भन्नुभयो, "यो परिवर्तनलाई अब सामाजिक, आर्थिक रुपान्तरणतर्फ अगाडि बढाउने सङ्कल्प पनि हो ।" यो दिवसलाई स्मरण गर्दै अहिले आफूहरु सामाजिक न्याय, सुशासन र समृद्धिको नयाँ यात्रामा अगाडि बढेको उहाँको भनाइ छ । अर्थतन्त्र र राजनीतिको गम्भीर चुनौतीको वर्तमान अवस्थामा आफूले सरकारको नेतृत्व लिएको जनाउँदै उहाँले आफूहरुलाई असफल हुने कुनै छुट नभएको बताउनुभयो । "अर्थतन्त्र र राजनीतिको स्थिति के छ तपाईं हामी सबैलाई थाहा छ । यो सबै सन्दर्भमा मैले सरकारको नेतृत्व गर्ने अवसरलाई चुनौतीपूर्ण अवसरका रुपमा लिएको छु", प्रधानमन्त्री दाहालले भन्नुभयो, "हामीलाई असफल हुने बिल्कुल छुट छैन । हामीले सामाजिक न्यायको क्षेत्रमा सुशासनका क्षेत्रमा र आर्थिक विकासको क्षेत्रमा फड्को मार्नै पर्ने छ ।"

केही समयदेखि सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानमाथि कैयौँ कोणबाट प्रश्न उठाउने कोशिस भइरहेका जनाउँदै उहाँले यस्तो बेलामा यो परिवर्तन ल्याउने प्रमुख आन्दोलन र त्यसको नेतृत्वले यसको औचित्य सिद्ध गर्नका लागि दृढताका साथ अगाडि बढ्नुको कुनै विकल्प छैन ।

## इन्टरनेट सेवा प्रदायकले सर्तहरु पालन नगरेको गुनासो

**पोखरापत्र संवाददाता**

पोखरा, १ फागुन




इन्टरनेट सेवा प्रदायक कम्पनीहरुले सर्तहरु पालन नगर्दा आम जनताले सास्ती भोग्नु परेको छ । नेपाल दुर संचार प्राधिकरणले सोमबार पोखरामा आयोजना गरेको अनुमती पत्रका सर्तहरुका सम्बन्धमा इन्टरनेट सेवा प्रदायकहरुसंग छलफल कार्यक्रममा इन्टरनेट सेवा प्रदायक कम्पनीहरुले सर्तहरु पालन नगर्दा आम सर्वसाधरण जनताले सास्ती भोग्नु परेको बतएका हुन्।

२०५३ दुर संचार ऐन, २०५४ दुर संचार नियमावलीमा इन्टरनेट प्रदायक कम्पनीहरुलाई अनुमति पत्र सहित सर्वशुलभ सेवा प्रवाह, ग्रामिण क्षेत्रमा समेत गुणस्तरिय स्वच्छ प्रतिष्प्रर्धी सेवा विस्तार गर्न, समयमै नविकरण गर्नुपर्ने, ५ बर्षमा नविकरण गर्नु पर्ने तीन महिना अघि नै नविकरण नगरे स्वतः खारेजी हुने प्रावधान समेत रहेको लगायतका प्रावधानहरुलाई इन्टरनेट सेवा प्रदायक कम्पनीहरुले पालना गर्न नसकेकोले त्यसलाई पालना गर्न पोखराबाट निर्देशन समेत दिइएको नेपाल दुर संचार प्राधिकरणका निर्देशक सन्तोस पौडेलले बताए । कार्यक्रममा वोल्दै पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले इन्टरनेट सेवा प्रदायक कम्पनीलाई अनुमती दिदा त्यसको क्षेमता र जनताको आवश्यकताको आधारमा गुणस्तरिय र सर्वसुलभ हुने गरी सेवाको अनुमती दिनु पर्ने बताए । इन्टरनेट सेवा प्रदायक कम्पनीको नियमन गर्ने दक्ष जनशिक्त र प्रविधि नभएकोले त्यसबाट आम जनता मारमा परेको उनले दाबी गरे । गाउँमा रहेका आफ्ना बाबु आमा समेत इन्टरनेट सेवा कुनै एक कम्पनीबाट ठगिएको मेयर आचार्यले बताए । इन्टरनेटको कम्पनीको नाम नबताएका मेयर आचार्यले गाँउका सोझा गाँउलेलाई विभिन्न बहानामा रकम अशुली भएको दाबी गरेका हुन्। हिजोआज इन्टरनेट सेवा मौलिक हक जस्तै बनेको बताएका मेयर आचार्यले इन्टरनेट सेवालाई जति सक्दो सर्वशुलभ र सवै ठाँउमा उपलब्ध हुने गरी सेवा विस्तारमा ध्यान दिन इन्टरनेट सेवा प्रदायक कम्पनीलाई आग्रह गरे ।

पोखरा क्षेत्रको अब्यबस्थित तारलाई व्यबस्थित पार्ने मेयर आचार्यले बताए । पोखराको मुख्य शहरी क्षेत्रमा अण्डरग्राउण्ड तार व्यबस्थापन गर्ने र अन्य ठाँउमा अत्यावसेक बाहेक अन्य करिब ८० प्रतिशत तार अनावश्यक रुपमा गुजुल्टो परेर बसेकोले त्यसलाई पोलहरुबाट अब छिट्टै हटाउने भएको उनले बताए । पोलमा जथभावी रुपमा इन्टरनेट सेवा प्रदायक कम्पनीहरुले महानर तथा बिद्युत प्राधिकरणसंगको सहकार्य विना तार विस्तार गरेकोले अब त्यसको लागि छलफल तथा सम्पर्क गरेर मात्र अघि बढ्न मेयर आचार्यले जनाए ।

नेपाल सरकारका पूर्व सचिव बाबुराम आचार्यले अझै पनि मुख्य शहर क्षेत्र बाहेक केही बाहिर इन्टरनेट सेवा प्रभावकारी हुन नसकेको गुनासो गरे । पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष पवन प्रजापतीले इन्टरनेट सेवा प्रदायक कम्पनीहरुले आफ्नो सेवा विस्तार गर्ने अनुमति प्राप्त गर्दा गरेको सर्तहरु पालना गर्नुपर्नेमा जोड दिए । एयर लिंक कम्पनीका भरत रानाभाटले बाटो तथा पोल सार्दा इन्टरनेटको तारहरु जथभावी रुपमा काटिने गरेको गुनासो गरे । उपभोक्ता मञ्च कास्कीका अध्यक्ष राजेन्द्र लिगलले नेपालमा दुर संचार क्षेत्रमा छलाङ मारेको उल्लेख गर्दै अझै पनि बिक्रि पछिको सेवामा कमजोरी भएको दाबी गरे । नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष रामप्रसाद तिमिल्सिनाले इन्टरनेट सेवा अझै गाँउ गाँउमा सर्वसुलभ रुपमा गाँउमा पुग्न नसकेको बताए । नेपाल दुर संचार प्राधिकरणका निर्देशक सन्तोस पौडेलले इन्टरनेट सेवा प्रदायक कम्पनीलाई थप जिम्मेवार र पूर्व सर्त पालना गराउने उद्धेश्यले सातै प्रदेशमा उक्त छलफल गर्ने अभियानमा रहेको बताए । दाङबाट सुरु भएको उक्त छलफल पोखरा हुदै अन्य प्रदेश राजधानिमा हुने उनले जनाए ।

उपनिर्देशक सुनिता पाण्डेले नेपालमा हाल १ सय ३० वटा इन्टरनेट प्रदायक सेवाहरु रहेको तर आफुहरुले अपेक्षा अनुसार काम गर्न नसकेको बताइन् ।

## स्रष्टाको निःशुल्क स्वास्थ्य बीमा

**पोखरापत्र संवाददाता**

पोखरा, १ फागुन

गण्डकी प्रज्ञा प्रतिष्ठानले कला, साहित्य र संस्कृतिको उत्थानमा सक्रिय स्रष्टाको निःशुल्क स्वास्थ्य बीमा गर्ने भएको छ । यसका लागि स्रष्टाको पहिचान र नामावली सङ्कलन भइरहेको प्रतिष्ठानले जनाएको छ ।

प्रतिष्ठानका कुलपति सूर्य खड्का 'विखर्ची'का अनुसार यस वर्ष दुई सय जना कवि, कलाकारको निःशुल्क स्वास्थ्य बीमा गरिनेछ । "दीर्घरोगी, न्यून आय भएका र जीवनभर सिर्जनाकर्ममा लागेकालाई लक्ष्य गरी स्वास्थ्य बीमा कार्यक्रम ल्याएका हौं", उहाँले भन्नुभयो, "प्रदेशका ११ वटै जिल्लाका स्रष्टालाई यसमा समेट्छौं ।" प्रतिष्ठानले स्वास्थ्य बीमामा आबद्ध हुन इच्छुक स्रष्टालाई आवेदनका लागि सार्वजनिक रुपमा सूचितसमेत गरेकोछ।स्रष्टाकोछनोटप्रतिष्ठानले बनाएको कार्यविधिअनुसार हुने कुलपति खड्काले बताउनुभयो ।

सरकारले सञ्चालन गरिरहेको स्वास्थ्य बीमा कार्यक्रमको ढाँचा र मापदण्डअनुसार नै स्रष्टाको बीमा गर्न लागिएको हो । प्रतिष्ठानले बीमा गर्दा लाग्ने प्रतिव्यक्ति शुल्क रु तीन हजार पाँच सय स्वास्थ्य बीमा बोर्डलाई तिर्नेछ । सोबापत पाँच जनासम्मको परिवारले वार्षिक रु एक लाखसम्मको उपचार सेवा पाउनेछन् । पाँच जनाभन्दा बढीको परिवार भएमा प्रतिसदस्य रु सात सय थप्नुपर्ने प्रावधान छ । ठूलो परिवारले रु दुई लाखसम्मको उपचार सेवा पाउने बोर्डको भनाइ छ । बोर्डले तोकेका एक हजार एक सय सय ३३ प्रकारका औषधि, शल्यक्रियासहित जटिल रोगको जाँच तथा उपचार सेवा पनि बीमाबाट हुने गरेको छ ।प्रतिष्ठानका उपकुलपति गोरे गुरुङले भाषा, साहित्य, सङ्गीत, नाट्य, चित्रकला, मूर्तिकलाजस्ता क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका स्रष्टाको स्वास्थ्य बीमा गरिने उल्लेख गर्नुभयो । "बीमाको प्रक्रिया अगाडि बढिसकेको छ, आवश्यकताका आधारमा स्रष्टाले यो सुविधा पाउनुहुन्छ", उहाँले भन्नुभयो, "यो कार्यक्रमको निरन्तरताका लागि बजेट थप्न सरकारसँग माग गरेका छौं ।" स्रष्टाको सम्मानसँगै दुःखसुखमा साथ दिने राज्यको संस्था छ भनेर अनुभूति दिलाउन स्वास्थ्य बीमा कार्यक्रम ल्याइएको उपकुलपति गुरुङले बताउनुभयो । सुरुआतमा थोरै सङ्ख्यामा स्रष्टाको बीमा गरिन लागिए पनि यसबाट सकारात्मक सन्देश प्रवाह हुने प्रतिष्ठानका पदाधिकारीको बुझाइ छ । धौलागिरि साहित्य प्रतिष्ठानका अध्यक्ष काजी रोशनले स्वास्थ्य बीमा कार्यक्रमबाट आर्थिक समस्या झेलिरहेका कवि, लेखकलाई बढी लाभ पुग्ने बताउनुभयो । "जिल्ला तहमा पनि धेरैले बीमाबारे चासो लिनुभएको छ, मापदण्ड बनाएर यसलाई छिटो लागू गर्नुपर्छ", उहाँले भन्नुभयो । प्रतिष्ठानले 'गण्डकी प्रतिभा उपचार कोष'को अवधारणा पनि अघि सारेको छ । उपचार पाउनबाट कोही पनि स्रष्टा, सर्जकले वञ्चित हुन नपरोस् भनेर कोष स्थापनाको योजना ल्याइएको कुलपति खड्काले बताउनुभयो । गत वर्ष स्थापना भएको प्रतिष्ठान भाषा, साहित्य, कला र संस्कृतिको जर्गेनामा क्रियाशील छ ।

## बुढीगण्डकी आयोजना ठोस रुपमा अगाडि बढ्छ : उपप्रधानमन्त्री श्रेष्ठ

**पोखरापत्र संवाददाता**

पोखरा, १ फागुन

उपप्रधान एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले बुढीगण्डकी जलविद्युत् आयोजना निर्माणको काम ठोस रुपमा अगाडि बढ्ने बताउनुभएको छ ।

जनयुद्ध दिवसको अवसरमा गोरखाको गण्डकी गाउँपालिकाले सोमबार आयोजना गरेको नागरिक सम्मान कार्यक्रममा उहाँले राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको बुढीगण्डकी आयोजनाले अहिले पनि ठोस रुपमा गति लिन नसके आयोजना निर्माण काम धेरै पछाडि पर्ने बताउनुभयो । 'बुढीगण्डकी जलविद्युत् आयोजना हरहालतमा अगाडि बढाउँछौं', उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, 'यसको निर्माण प्रक्रिया अगाडि बढ्छ, यो हाम्रो दृढता हो ।' उहाँले गोरखाको बेनिघाट लार्के सडकखण्डलाई


बाँकी अन्तिम पृष्ठमा ▶▶


## विमान दुर्घटनाको एक महिनापछि सापकोटा दम्पतीको अन्त्येष्टि

**पोखरापत्र संवाददाता**

पोखरा, १ फागुन

पोखरामा गत माघ १ गते भएको यती एयरलाइन्सको विमान दुर्घटनामा मृत्यु भएका पोखरा-२५ हेमजाका एक दम्पतीको एक महिनापछि सोमबार अन्त्येष्टि गरिएको छ ।

दुर्घटनामा ज्यान गुमाएका हेमजा हनुमानचोक निवासी राजन सापकोटा र उहाँका श्रीमती आनिषा बानियाँ सापकोटाको हेमजा सेती नदी मराङघाटमा अन्तिम संस्कार गरिएको हो । अनिषाको शव पहिचान गर्न समस्या भएपछि अन्तिम संस्कार गर्न ढिलाइ भएको हो । राजनको शव माघ ८ गते काठमाडौंमा शवपरीक्षणबाट पहिचान भए पनि अनिषाको पहिचान गर्न डिएनए गरिएको थियो । डिएनएको रिपोर्ट हिजो प्राप्त भएपछि काठमाडौंबाट राति शव ल्याएर बिहान शवयात्रासहित अन्तिम संस्कार गरिएको मृतकका काका प्रकाशचन्द्र सापकोटाले जानकारी दिनुभयो । उहाँहरुको आजदेखि नै काजकिरिया सुरु भएको र दाजु किरिया बस्नुभएको बताइन्छ । डिभी परेर अमेरिका बस्दै आउनुभएका राजन गत वर्ष विवाह गरेर फर्किनुभएको थियो । विवाहको पहिलो वार्षिकोत्सव मनाउन उहाँ पुस ३० गते नेपाल आउनुभएको थियो । उहाँलाई लिन श्रीमती अनिषा काठमाडौं जानुभएको थियो । पोखरा फर्किने क्रममा उहाँहरू चढेको विमान अवतरणका क्रममा विमानस्थल


बाँकी अन्तिम पृष्ठमा ▶▶





# बिटी कपमा गन्नी एफसी च्याम्पियन

**पोखरापत्र संवाददाता**
पोखरा, १ फागुन

बुद्धटोल युवा क्लबद्वारा आयोजित १६ औं बिटी कप छैटौं विरेन स्मृति सेभेन ए साइड खुल्ला फुटबल प्रतियोगितामा गन्नी एफसी च्याम्पियन बनेको छ।




पोखरा महानगरपालिका १ बगरस्थित पुरानो टुडिखेलमा सोमबार भएको फाइनल खेलमा लामागाउँ गुम्बा एफसीलाई १-० गोल अन्तरले पराजित गर्दै गन्नी एफसी च्याम्पियन बनेको हो । च्याम्पियन बनेको गन्नीको जितमा अनिश तामाङले निर्णायक गोल गरे।

पहिलोपटक उपाधि जितेको गन्नी एफसीले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित १ लाख ६१ हजार १ सय ५१ रुपैया प्राप्त गर्यो। क्लबका अध्यक्ष असिम थापाका अनुसार उपविजेता बनेको लामागाउँ गुम्बा एफसीले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित १ लाख १ हजार १ सय ११ रुपैयाँ प्राप्त गर्यो । सो प्रतियोगिताबाट सर्वोत्कृष्ट खेलाडीका रुपमा गन्नी एफसीका अनिश तामाङ घोषित हुँदै ट्रूफिसहित नगद रु ८ हजार प्राप्त गरे । यस्तै उत्कृष्ट गोलरक्षकका रुपमा सोही टिमकै सन्देश गुरुङ, उत्कृष्ट मिडफिल्डरका रुपमा गन्नी एफसीकै लक्ष्यु थापामगर, उत्कृष्ट डिफेण्डरका रुपमा लामागाउँका सरोज तितुङ तामाङ र सर्वाधिक गोलकर्ताका रुपमा सोही क्लबकै अनुज भण्डारीले ट्रूफि र जनही ६/६ हजार नगद प्राप्त गरे।

सो प्रतियोगिताबाट वी आर ब्रदर्श काठमाडौंको टोलीलाई अनुशासित टिम घोषित हुँदै शिल्डसहित नगद रु ९ हजार प्रदान गरेको खेल संयोजक विनोद गुरुङले जानकारी दिए। प्रतियोगिताको विजेता तथा उपविजेता टोलीलाई कार्यक्रमका प्रमुख अतिथिसमेत रहेका गण्डकी प्रदेश उद्योग, पर्यटन वन तथा वातावरणमन्त्री रेशम जुग्जाली मगर, क्लबका निवर्तमान अध्यक्ष विजया गुरुङ, सल्लाहकार, राधा गुरुङ, क्लबका अध्यक्ष असिम थापा लगायतले पुरस्कार वितरण गरेका थिए। सो अवसरमा बोल्दै मन्त्री जुग्जालीमगरले पोखराको परिचय पर्यटन मात्रै नभएर खेलकुदको पनि अहम भूमिका रहेको धारणा राखे । उनले क्लबले रचनात्मक कार्य गर्दै आएको बताउदै आगामी दिनमासमेत निरत्तर काम गर्नुपर्नेमा जोड दिए। उनले आगामी वर्षको नीति तथा कार्यक्रममा पोखरा लगायत ११ वटै जिल्लाको खेल गतिविधिलाई पर्यटनसँग जोड्न प्रयास गर्ने प्रतिबद्धता व्यक्त गरे।

उनले खेलकुदलाई पर्यटनसँग जोड्न सकेको खण्डमा प्रदेशको अर्थतन्त्रमा टेवा पुग्ने धारणा राख्दै आफुले पहल गर्ने उल्लेख गरे।

स्थानीय क्लबले खेलकुदको विकासमा योगदान गरेको भन्दै आगामी आफ्नो मन्त्रालयको तर्फबाट सक्दो सहयोग गर्नेसमेत बताएका थिए।

# हुर्जामा यशकुमारी जिसीको ३४ औं स्मृति समारोह

**पोखरापत्र संवाददाता**
पोखरा, १ फागुन

मानवअधिकार पत्रकार संघ हुर्जा गण्डकीले सामाजिक अभियन्ता यशकुमारी जिसीको ३४ औं स्मृति समारोह सम्पन्न गरेको छ।



संस्थाले महिला शसक्तिकरणका क्षेत्रमा क्रियाशील रहेकै बेला २०४५ फागुन १ गतेका दिन स्वर्गारोहण भएकी जिसीका अनुकरणात्मक अनुष्ठानको स्मरण गरी श्रद्धाञ्जली अर्पण गरेको हो।

पोखरा लामाचौर-१९ मा २०१४ कार्तिक १३ गते जन्मेकी जिसी महिला तथा बालबालिका विकास कार्यालयमा प्रमुखका रूपमा कार्यरत रहेकी थिइन्।

महिला प्रशिक्षण केन्द्र जावलाखेलको २०३९ सालको पहिलो व्याचका रुपमा रहेका जिसीले ग्रामीण महिलाहरुको पेवा बढाउने, समूह गठन र महिलाहरुको विना धितो लगानी, कृषितर्फ अदुवा, तरकारी, वेसा, कफी खेती, रेशम किरा पालन, बाख्रा, भैंसी, कुखुरा पालन, उद्योगतर्फ पाउरोटी, गलैंचा सिलाइबुनाइ तालिम प्रदान गर्दै महिला शसक्तिकरण र अधिकारका क्षेत्रमा क्रियाशील रहेकी थिइन् । उनको स्याङ्जाको वालिङमा सेवारत रहेकै समयमा २०४५ फागुन १ गतेका दिन स्वर्गारोहण भएको थियो । उनको योगदानलाई चिरस्थायी गराउनका लागि यशकुमारीको स्मृतिमा भाइ सविन जिसीको सक्रियतामा परिवारजनले हुर्जाले सञ्चालन गर्ने र अधिवेशनमा पुरस्कार अर्पण गर्ने गरी यशकुमारी जिसी स्मृति अक्षयकोष स्थापना गरेका छन् । उक्त पुरस्कारबाट अधिकारकर्मी प्रमिला तभ्र्‍या र सानुमाया गुरुङ पुरस्कृत भइसकेका छन्।

श्रद्धाञ्जली सभामा दूरभाषाबाट सम्बोधन गर्दै संस्थापक अध्यक्ष कृष्ण अन्जान ज्ञवालीले यशकुमारीको योगदानलाई जीवन्त तुल्याउन हुर्जा निरन्तर क्रियाशील रहने बताए । यशकुमारी स्मृति कोषका संस्थापक सविन जिसीले यशकुमारीको योगदानलाई जीवन्त तुल्याउन हुर्जाले खेलेको भूमिकाप्रति आभार व्यक्त गरेका थिए । सभामा हुर्जाका निवर्तमान अध्यक्ष राजेश पराजुली, उपाध्यक्ष वीरेन्द्र सापकोटा, सदस्य सत्यता ख्याउजु,सरिता गुरुङलगायतले यशकुमारीको योगदान बारे चर्चा गरेका थिए । सोमवारै बसेको संस्थाको बैठकले आसन्न अधिवेशनका लागि सदस्यता नवीकरण, साधारण तथा आजीवन सदस्यता वितरणका साथै प्रतिभा आह्वानका लागि सूचना जारी र छनौट समिति गठनलगायतका विविध निर्णयसमेत गरेको महासचिव सुशील श्रेष्ठले जानकारी दिए।

संस्थाले १५ हजार १५ राशिको यशकुमारी जिसी स्मृति पुरस्कारका साथै ११ हजार १ सय ११ राशिका विविध पुरस्कारसहित विशिष्ट संस्था सम्मानसमेत अर्पण गर्दै र मानवअधिकार आवाज मुखपत्र प्रकाशन गर्दै आएको छ । हालसम्म मानवअधिकार आवाजका १० अंक प्रकाशन भइसकेको पूर्व अध्यक्ष राजेश पराजुली बताउँछन्।

अध्यक्षको आसनबाट बोल्दै असफल गौतमले हालसम्म मानवअधिकार पत्रकारिता पुरस्कारबाट श्यामनाथ कुँवर, स्मीता अधिकारी, श्रीकान्त सापकोटा, सहयात्रा सम्मानबाट मतिलाल विशंखे, सीता जिसी सम्मानित भइसकेको जानकारी गराए । यस्तै हुर्जाले संस्थागत सम्मानबाट राष्ट्रिय मानवअधिकार आयोग गण्डकी, अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक, आदर्श समाज राष्ट्रिय दैनिक, परिवर्तन नेपाल, सयपत्री समाज, समाजसेवा सम्मानबाट चन्दबहादुर गुरुङ, कृष्ण अन्जान ज्ञवाली, बालअधिकारकर्मीबाट एलिना गुरुङ सम्मानित र पुरस्कृत गरिसकेको छ।

# फागुन ९ देखि पोखराको नदीपुरमा भलिवल प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १ फागुन

फागुन ९ देखि पोखराको नदीपुरमा तीन वटा विधामा भलिवल प्रतियोगिता हुने भएको छ।



स्थानिय पुन एकता क्लबको आयोजनामा आठौं संस्करणको नदिपुर भलिवल प्रतियोगिता अर्न्तगत पुरुष, महिला र ४० बर्ष माथि पौढ गरी तीन बिधामा उक्त प्रतियोगिता फागुन १३ गतेसम्म नदीपुरमा आयोजना हुने भएको आइतबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो। महाशिवरात्रि पर्बको अवसरमा समाजसेवी स्व.मेजर चन्द्रबहादुर पहरे पुनको स्मृतिमा भलिवल प्रतियोगिता आयोजना हुन लागेको क्लवका अध्यक्ष सुदिप पुर्जाले बताए।

प्रतियोगितामा बिजेताले १ लाख ५ हजार, उपविजेताले ७० हजारको साथमा शिल्ड मेडल प्रमाण पत्र प्राप्त गर्ने भएको छ । त्यस्तै महिला तर्फ प्रथम हुनेले ५० हजार र दोस्रोले ३० हजार प्राप्त गर्ने भएको छ भने प्रौढ तर्फ प्रथम हुनेले ३० हजार दोस्रो हुनेले २० हजारको साथमा शिल्ड, मेडल र प्रमाण प्राप्त गर्ने भएको क्लवले जनाएको छ।

प्रतियोगितामा महिला, पुरुष एक-एक जनालाई उत्कृष्ट खेलाडीको रुपमा घोषणा गरि बिशेष पुरस्कार समेत प्रदान गरिने छ। खेल कर्पाकेली समाज अगाडीकोको खेल मैदान नदिपुरमा हुनेछ।

प्रतियागिता अर्न्तगत पुरुष तर्फ सातौं एनभिए, आठौं र नवौं राष्ट्रिय खेलकुदमा खेलेका ३ जना खेलाडीहरुसम्म समावेस गर्न पाइने भएको छ भने महिलाको हकमा एक जना मात्र समावेस गर्न पाउने व्यबस्था मिलाएको रेफ्रि संयोजक राम पुनले बताए।

कर्पाकेली समाजका अध्यक्ष रनशिल गर्बुजाले विभादरहित र अशुसासित ढंगले उक्त खेल खेल्न आग्रह गरे। नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालले राष्ट्रिय खेल भलिवलको प्रबर्द्धन गर्न क्लवले तीन बिधामा गर्न लागेकोमा खुसि व्यक्त गर्दै खेलकुदको प्रचार प्रसार गर्न आफुहरु तयार भएको जनाए । क्लवले उद्घाटन सत्रमा बाहेक दोश्रो र तेश्रो दिनमा प्रवेश शुल्क ५० र अन्य दीनमा एक सय रुपैया शुल्क लिने तयारी गरेको छ।

## विमान...

नजिक सेतीखोँचमा दुर्घटनामा परेको हो । यती एयरलाइन्सको सो विमान दुर्घटनामा परी ७२ जनाले ज्यान गुमाएका थिए। यसैगरी, एक महिनाअघि पोखराको सेती खोँचमा भएको यति एयरलाइन्सको जहाज दुर्घटनामा परी दिवङ्गत पोखरा-२१, दोविल्ला निवासी २४ वर्षीया सविना रायमाझीको अन्त्येष्टि गरिएको छ । पोखरा-२१ स्थित सेती नदीको दोबिल्ला घाटमा सोमबार बिहान सविनाको अन्त्येष्टि गरिएको उनका पारिवारिका सदस्यले जनाएका छन्। जहाज दुर्घटनामा पर्नुभएकी सविनाको शव पहिचान हुन नसकेपछि माघ ३ गते डिएनए परीक्षणका लागि काठमाडौँ लगिएको थियो । डिएनएको रिपोर्ट माघ २९ गते आइतबार मात्रै प्राप्त भएपछि सोमबार सविनाको परिवारले शव बुझेलगत्तै अन्त्येष्टि गरेका हुन् । काठमाडौंबाट पोखरा फर्कने क्रममा सविनाको यति एयरलाइन्सको विमान दुर्घटनामा परी मृत्यु भएको हो।

## बुढीगण्डकी...

बेनिघाट रोइला सडकको रुपमा परिवर्तन गरी निर्माण कार्य अगाडि बढाउने योजनामा सरकार रहेको उल्लेख गर्नुभयो । उपप्रधानमन्त्री श्रेष्ठले विकास र सम्मृद्धिलाई गुणात्मक ढङ्गबाट अगाडि बढाउने पक्षमा सरकार रहेको बताउनुभयो।

राजनीतिक परिवर्तनलाई माध्यम र साधन बनाएर सामाजिक र आर्थिक रुपान्तरणको प्रक्रियामा देशलाई लैजानुपर्नेमा उहाँले जोड दिनुभयो । लोकतन्त्रलाई थप समुन्नत बनाउनु नेपालको पछिल्लो राजनीतिक कार्यभार भएको उल्लेख गर्दै मन्त्री श्रेष्ठले नेपाली जनताको जीवन फेर्ने विकास र समृद्धिको कामलाई पनि तत्कालको मुख्य जिम्मेवारी बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो।

'हामीले युगान्तकारी परिवर्तनको कुरा गरेर खाली राजनीतिक क्षेत्रको अधिकार मात्र प्राप्त गरेको होइन', उहाँले भन्नुभयो, 'जनताका जीवनका आवश्यकता पूरा भएर नयाँ जीवन प्राप्त गर्‍यौं भनेर त्यस प्रकारको अनुभूति दिलाउने गरी काम गर्नु जरुरी छ।'

**फागुपर्व सभ्य रूपमा मनाऔं।**

◆आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं।
◆जबरजस्ती लोला हान्ने, पानी छ्याप्ने तथा रंग दल्ने काम नगरौं।
◆सामाजिक तथा साँस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं।
◆हानिकारक र रसायनयुक्त रंगको प्रयोग नगरौं।
◆मदिरा तथा लागु पदार्थको सेवन नगरौं।
◆गैरकानूनी र उच्छृङ्खल व्यवहार नगरौं।

चाडपर्वलाई मौलिकरुपमा मनाऔं, सभ्य नागरिकको परिचय दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाइसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# बजेट घटाइयो

राजश्व संकलन घटेपछि सरकारले चालू आर्थिक वर्ष २०७९/८० को बजेटको आकार घटाएको छ । बजेटको स्रोत सुनिश्चित नभएपछि सरकारले सुरु विनियोजनको तुलनामा १३.५९ प्रतिशतले बजेट घटाएको छ । आन्तरिक तथा बाह्य दबाबले गर्दा राजश्व संकलन घट्दो छ । अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सङ्घीय संसद्को प्रतिनिधि सभामा बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन प्रस्तुत गर्दै बजेट दुई खर्ब ४३ अर्ब रुपियाँले घटाइएको जानकारी दिएका छन्।यससँगै चालू आवको संशोधित बजेटको आकार १५ खर्ब ४९ अर्ब ९९ करोड ७७ लाख रुपियाँ पुगेको छ। सरकारले चालू आवका लागि १७ खर्ब ९३ अर्ब ८३ करोड रुपियाँ सुरु बजेट विनियोजन गरेको थियो ।

बजेटका लक्ष्य र उद्देश्य पूरा गर्न प्रतिकूलता सिर्जना भएकाले बजेट संशोधन गरेर घटाउनुपरेको अर्थमन्त्री पौडेलको भनाइ छ ।राजस्व पनि लक्ष्यको तुलनामा २४.८ प्रतिशतले घटेको हुँदा धेरै लक्ष्य पूरा हुने अवस्था देखिदैन।चालू आवको बाँकी अवधिमा बजेट कार्यान्वयनलाई यथार्थपरक बनाउन पनि आकार घटाइएको अर्थ मन्त्रालयको जिकिर छ। चालू आवको खर्चतर्फ सरकारले चालुतर्फको खर्च घटाएर दस खर्ब २१ अर्ब ९२ करोड रुपियाँ खर्च हुने संशोधित अनुमान गरेको छ। त्यस्तै पुँजीगततर्फ तीन खर्ब १३ अर्ब ८५ करोड रुपियाँ र वित्तीय व्यवस्थातर्फ दुई खर्ब १४ अर्ब २१ करोड रुपियाँ खर्च हुने अनुमान छ। विद्यमान कानुनी र संरचनात्मक व्यवस्थाका कारण पनि पुँजीगत खर्च लक्ष्यअनुरूप हुन सकेको छैन । यस्तो परिस्थितिमा सुधार गरेर सरकारले संशोधित पुँजीगत खर्च हुने गरी काम अघि बढाउँदुपर्छ। केही बस्तु आयातमा लगाइएको प्रतिबन्ध, आर्थिक गतिविधिमा आएको सुस्तता र बाह्य कारणले आम्दानीको मुख्य स्रोत राजस्व कम भएको छ । त्यसकै आधारमा मन्त्रालयले राजस्वको सुरु अनुमानमा पनि संशोधन गर्दै आन्तरिक ऋणसहित १३ खर्ब ४१ अर्ब रुपियाँ उठ्ने संशोधित अनुमान गरेको छ।

मन्त्रालयले चालू आवको छ महिनासम्म संकलित राजस्व लक्ष्यको तुलनामा २४.८ प्रतिशतले कम र गत आवको तुलनामा १५ प्रतिशतले घटेको जनाएको छ । आर्थिक वर्ष २०२४/२५ पछि दोस्रो पटक राजस्वको नकारात्मक वृद्धि भएको छ। वैदेशिक अनुदान ३८ अर्ब ८३ लाख रुपियाँ र वैदेशिक ऋण एक खर्ब ७० अर्ब रुपियाँ खर्च हुने अनुमान गरेको छ । बजेट कार्यान्वयन जटिल बनेपछि सरकारले सुधारका लागि दर्जनौं प्राथमिकता अघि सारेको छ। जसअन्तर्गत चालू खर्चमा मितव्ययिता कायम गरी खर्चलाई पुनः प्राथमिकीकरण गर्ने, हालसम्म स्वीकृत नभएका कार्यक्रम अहिलेलाई पूर्ण वा आंशिक रूपमा स्थगित गर्ने, स्वीकृत भएर पनि पूर्वतयारी हुन नसकी कार्यान्वयनमा नगएका आयोजनाको औचित्य हेरी पूर्ण वा आंशिक रूपमा रोक्का राखिने भएको छ। त्यस्तै अर्थ मन्त्रालयबाट स्रोत सहमति लिएका आयोजनाको समेत पुनः प्राथमिकीकरण गर्नुपर्ने भएकाले कार्यान्वयनमा लैजानुपूर्व अर्थ मन्त्रालयबाट पुनः सहमति लिनुपर्ने, अति आवश्यक अवस्थामा बाहेक चालू खर्चका लागि थप निकासा नदिने, मन्त्रालयको सहमति नलिई आर्थिक दायित्व सिर्जना गर्ने प्रवृत्तिलाई पूर्णतः निरुत्साहित गर्ने नीति सरकारको छ।

राष्ट्रिय गौरवको आयोजनामा सम्पन्न भएको कामका लागि भुक्तानी गर्न स्रोतको अभाव नहुने व्यवस्था गर्ने, रकमान्तर प्रस्ताव नगर्ने, प्रतिफल र उत्पादनसँग आबद्ध हुने गरी मात्र पुँजीगत तथा ब्याज अनुदान दिने नीति अवलम्बन गर्ने, अनुदान दिँदा प्रति एकाइ लागतको ५० प्रतिशतभन्दा बढी नहुने गरी लागू गर्नेजस्ता सुधारका प्रयास मन्त्रालयले अघि सारेको छ। सीमा नाकाबाट हुने चोरी निकासी नियन्त्रण गर्ने, सरकारको कोषमा प्राप्त हुने राजस्व समयमै प्राप्त हुने व्यवस्था गर्ने, बजार अनुगमनलाई प्रभावकारी बनाउने, राजस्व चुहावट नियन्त्रणका लागि अन्तरनिकाय समन्वय थप प्रभावकारी बनाउने अठोट छ।राजनीतिक स्थिरता नहुँदा जतिसुकै राम्रो निति लिए पनि कार्यान्वयन नहुने अवस्था छ।देशको मूल समस्याप्रति सरकार, राजनीतिक दल र नागरिक समाज र संचार माध्यमको प्राथमिकता नपरेसम्म वाह्यदबाबले मात्र पुग्ने छैन ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : मानसिक तनाब |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# ढढेलोको जोखिम बढ्दै

पोखरापत्र संवाददाता
म्याग्दी, १ फागुन

म्याग्दीमा मानवीय लापरवाहीले ढढेलोको जोखिम बढ्दै गएको छ । घाँस पलाउने बाहना, अवैध शिकार र आगोको जथाभावी प्रयोगले वन जङ्गलमा ढढेलोको जोखिम बढेको हो ।

विगतका वर्षमा यो समयमा हिउँले ढाकिने धौलागिरि, अन्नपूर्ण, नीलगिरि र गुर्जा हिमाल आसपासका पहाड र जङ्गल ढढेलोले काला पहाडमा परिणत हुन थालेका छन्। धौलागिरि गाउँपालिका-७ का ओमबहादुर घिमिरेले हिउँले सेताम्मे हुनुपर्ने पहाड काला पत्थरमा परिणत भएर कुरुप देखिएका बताउनुभयो। "पहाड र जङ्गल ढढेलोले कुरुप बनायो", उहाँले भन्नुभयो, "हिमपात र वर्षा नहुँदा सुक्खा भएका पहाडलाई आगोले डढाउँदा नराम्रो देखिएको मात्र होइन तापक्रम वृद्धि, धुँवा, धुलोले वायु प्रदूषण भएको छ।" बर्सात र हिमपात नहुँदा सुक्खा बनेका पहाड र जङ्गल ढढेलोले सखाप भएका हुन्। रुख बिरुवा, जडीबुटी, वन्यजन्तु र पन्छीको वासस्थान ढढेलोबाट नष्ट भएको छ । डिभिजन वन अधिकृत मनोज रानाभाटले अधिकांश ठाउँको ढढेलोको कारण मानवीय लापर्वाही देखिएको बताउनुभयो । "गोठालाले घाँसका लागि, शिकारीले वन्यजन्तु भगाउन र खेतबारीको झारपात नष्ट गर्ने क्रममा सावधानी नअपनाउँदा ढढेलो लागेको पाइएको छ", उहाँले भन्नुभयो, "भिरालो जमिन, भौगोलिक विकटता र पानीको सहज उपलब्धता नहुने भएकाले ढढेलो नियन्त्रण गर्न चुनौती छ।"

गत वर्ष ढढेलो निभाउने क्रममा मालिका गाउँपालिका-५ गर्जाका दुई जनाको ज्यान गएको थियो । "उच्च हिमाल क्षेत्रमा यसअघिका वर्षमा हिउँदमा हिउँ पर्ने र चिसोका कारण डढेलो लागेको थिएन् । अहिले दिनहुँजसो आगलागी भएको जानकारी आएको छ", रानाभाटले भन्नुभयो, "घाँस पूरै सुकेको छ । वन जङ्गल नै पूरै सुक्खा भएको छ । जसले गर्दा आगलागी फैलिन सघाउँछ ।"

गोठालाले राम्रो घाँस पलाउँछ भनेर जङ्गल र भिरमा आगो लगाउने चलन छ । शिकारीले वन्यजन्तु र पन्छीलाई भगाउन डढेलो लगाउँछन् । म्याग्दीमा दुई लाख २९ हजार ७०६ हेक्टर क्षेत्रफल वनले ओगटेको छ। ३६ दशमलव ७६ प्रतिशत वन, एक दशमलव ८५ प्रतिशत झाडी र २१ दशमलव २७ प्रतिशत चरन क्षेत्र छ । तीन सय १० वटा सामुदायिक वन उपभोक्ता समूह छन्।

सहायक वन अधिकृत नरबहादुर क्षेत्रीका अनुसार जिल्ला र छवटै पालिकास्तरमा वन डढेलो नियन्त्रण सञ्जाल गठन गरिएको छ। सम्भव भएको ठाउँमा मानवीय र भौतिक सम्पत्ति जोगाउने रणनीति लिइएको छ । सञ्चारमाध्यममार्फत सूचना प्रकाशन/प्रसारणसँगै विभिन्न विद्यालयमा र वन उपभोक्ता समूहस्तरमा डढेलो नियन्त्रणसम्बन्धी कार्यक्रमसमेत सञ्चालन गरिएको छ ।

त्यसैगरी समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रम, वन डढेलो नियन्त्रण सञ्जाल गठन गर्ने, अग्निरेखा निर्माणलगायतमा सहजीकरण, सुरक्षा निकायलाई आवश्यक पर्ने डढेलो नियन्त्रणका सामग्री सहयोग, पूर्वतयारीसँगै डढेलो लागि हालेमा सुरक्षा निकाय, वन उपभोक्ता समूह, स्थानीय तह र सरोकारवालासँग समन्वयसँगै जनशक्ति परिचालनमा समेत अगुवाइ गरिएको वन डिभिजनले जनाएको छ।

# गोल्डेन नर्सरीमा लेक सिटीका विद्यार्थी

उपासना थापा
पोखरा, १ फागुन



पोखराबडान ४सिद्धार्थमार्गस्थित गोल्डेन नर्सरीमा हालै पत्रकारिताका विद्यार्थीहरु अवलोकनमा गएका छन् । लेक सिटी कलेज मा विए प्रथम वर्षमा अध्ययनरत विद्यार्थीहरु गोल्डेन नर्सरीमा सैद्धान्तिक ज्ञानलाइ व्यवहारमा उतार्न अवलोकनमा गएका हुन ।

पत्रकारिताका शिक्षक शोभाकान्त सिग्देलको नेतृत्वमा गएको विद्यार्थी समुहले नर्सरी मै पुगी अवलोकन गरे । व्यवस्थापन अध्ययन गरेका प्रोपाइटर दया कुमार ढ्वाले मेहनत र परिश्रमी भए फूलको खेतीबाट आत्मनिर्भर बन्न सकिने भने । नेपालमा कुनै पनि कार्य निरन्तरता दिएमा विदेश जान नपर्ने ढ्वाले बताए । नर्सरीमा विशेष गरी जैविक बोट बिरुवाको उत्पादन गर्ने भएकोले मुल्यमा एक रुपैया पनि छुट नगरीकान फिक्स मुल्यमा बेचीने ढ्वाले जानकारी दिए । फूलहरुको बिच रमाउने स्वभावलाइ पेशा बनाउदै करीब पन्ध्र वर्ष पहिले पच्चीस लाख बाट शुरु गरिएको नर्सरी आज दुइ करोड बराबरको सम्पती मुल्य भएको ढ्वाले बताए । प्रोपाइटर ढ्वाले हाल पुर्व मेचीदेखी देखि पश्चिम महाकाली सम्मका नर्सरी बिरुवा पाइने जानकारी दिए । चार सय ३५ प्रजाति फूलका बिरुवा रहेको नर्सरीमा रु ३० देखि एक लाख पचास हजार सम्मका मुल्य बराबरको बिरुवा पाइने ढ्वाले बताए । भारत, अमेरिका देशबाटा पनि फूलका बिरुवा ल्याउर कारोबार गरिने उनले भने । ग्राहकको माग अनुसारका सयपत्री, लालुपाते, गुलाब, चाँदनी फूल, बेगमबेली लगायत सयौ फूलहरू नर्सरीमा रहेको ढ्वाले जानकारी दिए । सबै भन्दा महङ्गो फूल बेगमबेली एक लाख पचास हजार मुल्य रहेको छ । आफूलाइ रोजगारको सृजना भए सँगै दश जना कर्मचारी रहेको ढ्वाले भने ।

# चिज उद्योग तीन वर्षपछि पुनःसञ्चालन

पोखरापत्र संवाददाता
म्याग्दी, १ फागुन

म्याग्दीका चिज उद्योग तीन वर्षपछि पुनः सञ्चालन भएका छन् । कोरोना (भाइरस)को महामारी सुरु भएपछि विसं २०७६ चैतदेखि अन्नपूर्ण गाउँपालिकाको पाउद्वार, घार र राम्चेमा सञ्चालित चिज उद्योग बन्द भएका थिए।

राम्चेको आरडिसी डेरी तथा चिज र पाउद्वारको सामुदायिक चिज उद्योग सञ्चालनमा आइसकेका छन् भने घारको हिमालयन चिज उत्पादन कृषि सहकारी संस्थाले यही फागुन ७ गतेदेखि उत्पादन सुरु गर्ने तयारी गरेको छ।

पर्यटकको आगमन बढ्न थालेको र बजारबाट माग आउन थालेकाले बन्द भएको चिज उद्योग पुनःसञ्चालन गरिएको आरडिसी डेरी तथा चिज उद्योगका सञ्चालक यामबहादुर पुनले बताउनुभयो । तीन जर्सी गाई पाल्नुभएका उहाँले दैनिक एक किलोग्रामका दरले चिज उत्पादन गर्दै आउनुभएको छ । घोडेपानी, तातोपानी, मुस्ताङ र पोखरालगायत पर्यटकीय स्थलका होटल तथा रेष्टुरेष्टमा चिज खपत हुने गर्छ । गाईको दूधबाट बनाइने प्रोटिनयुक्त चिज पर्यटकले रुचाउने परिकारमध्येमा पर्छ । चिज उपभोग गर्ने पर्यटकको आगमन ठप्प भएपछि खपत हुन नसकेर ती उद्योग बन्द गरिएको थियो । हिमालयन चिज उत्पादन सहकारी संस्थाका अध्यक्ष श्यामप्रसाद खड्काले सञ्चालक र कृषकको भेला गरेर उद्योग पुनः सञ्चालन गर्ने निर्णय गरिएको बताउनुभयो । "त्यसबेला बिक्रीका लागि तयारी भएको १५ टन चिज कुहिएर खेर फाल्नुपरेको थियो । धेरै कृषकले गाई पनि बेच्नुभयो," उहाँले भन्नुभयो "गाई पालेका कृषकको अपेक्षा र बजारको आवश्यकताअनुसार चिज उद्योग पुनःसञ्चालन गर्ने निर्णय गरेका हौं ।" उक्त सहकारीमा आवद्ध ३५ कृषकले दैनिक ३०० लिटर दूध चिज उद्योगलाई बिक्री गर्दै आएका थिए।

उद्योग बन्द हुँदा कृषकले गाईको दूधबाट घ्यू बनाएर बेच्ने गरेका थिए । प्रतिकिलो चिज रु ८०० देखि रु एक हजारका दरले बिक्री हुने गरेको छ। विसं २०७१ मा कृषकहरुले रु २० लाखमा स्थापना गरेको उद्योगमा रु ३२ लाख लगानी पुगेको छ । उद्योग सञ्चालन भएपछि कृषकहरु उत्साहित भएका छ। चिज उद्योगमा दूध बिक्री गर्न कृषकहरुले होल्याड र जर्सी जातको गाई पालेका छन्।

# बोटबाटै दुई करोडको सुन्तला बिक्री

पोखरापत्र संवाददाता
गलेश्वर, १ फागुन

उत्तरी म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ दोसल्लेमा यसवर्ष बोटबाटै रू दुई करोडको सुन्तला बिक्री भएको छ।

सुन्तला राम्रो फलेको र रोग, कीराको प्रकोप पनि नदेखिएकाले विगतका वर्षको तुलनामा यसवर्ष सुन्तला बिक्री गरेर दोब्बर बढी आम्दानी भएको किसानले बताएका छन्।

दोसल्लेकी किसान मायादेवी पुनका अनुसार गत वर्ष सुन्तला बिक्री गरेर गाउँमा रू७५ लाख भित्रिएको थियो ।"यसवर्ष पाक्दै गरेको सुन्तला पोखरा, चितवन र काठमाडौँका व्यापारीले बगैँचाबाट नै प्रतिकिलो रू ९५ मा किनेका हुन्", उहाँले भन्नुभयो।

दोसल्ले व्यावसायिक सुन्तला जात किसान समूहका अध्यक्ष प्रेमबहादुर पाइजाले गतवर्ष ६२ हजार ५०० किलो सुन्तला निकासी हुँदा ७५ लाख गाउँमा भित्रिएको जानकारी दिनुभयो। "यसवर्ष दुई सय नयाँ बोटमा फल लागेकाले उत्पादन पनि राम्रो भएको छ ।रू दुई करोडको हाराहारीमा सुन्तला बिक्री भएको छ", अध्यक्ष पाइजाले भन्नुभयो।

उहाँका अनुसार एक किसानले रू ५० हजारदेखि रू दुई लाख ३० हजारसम्मको सुन्तला बिक्री गरेका छन् । व्यापारीसँग समन्वय गरेर सुन्तला बजार पठाउन समूहले समन्वय गरेको थियो।

परम्परागत कोदो, मकै र गहुँ खेतीको विकल्पमा सुन्तला खेती गरेको किसान मिलन गर्बुजाले बताउनुभयो । "तीन मुरी कोदो फल्ने बारीमा लगाएको सुन्तलाबाट दुई लाख भन्दा बढी आम्दानी भएको छ", उहाँले भन्नुभयो। दश वर्षअघि गर्बुजाले दोसल्लेलाई सुन्तला गाउँ बनाउने अभियान सुरु गर्नुभएको थियो।

सडक, यातायातको सुविधा भएपछि बाँझो पाखोबारीमा झाडी फाँडेर सुन्तलाका बिरुवा रोप्ने अभियान चलाएको उहाँको भनाइ थियो।

भिरालो पाखोमा अवस्थित यहाँको भूगोल सुन्तला खेतीका लागि अनुकूल रहेको कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ।

वैदेशिक रोजगार र खेती किसानीबाट धानिएको यहाँका बासिन्दाको जीवनस्तर पछिल्लो समय व्यावसायिक सुन्तला खेतीबाट सुध्रँदै गएको अन्नपूर्ण गाउँपालिकाका पूर्व उपाध्यक्ष केशमाया मगरले बताउनुभयो।

म्याग्दीका छ वटा स्थानीय तहका १४ वटा गाउँमा व्यावसायिक सुन्तला खेती गरिन्छ । जिल्लाभरीमा यसवर्ष रू २० करोड भित्रिएको केन्द्रले जनाएको छ।

# आमाको हत्या अभियोगमा छोराबुहारी पक्राउ

पोखरापत्र संवाददाता
दमौली, १ फागुन

आमालाई कर्तव्य गरी मारेको अभियोगमा तनहुँमा छोराबुहारी पक्राउ परेका छन् । पक्राउ पर्नेमा तनहुँको बन्दीपुर गाउँपालिका-३ शेराका ४७ वर्षीय राजकुमार सार्की र ३५ वर्षीया सुशीला मजाकोटी रहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ।

८४ वर्षीय माया सर्किनीको हत्या गरेको अभियोगमा छोराबुहारीलाई सोमबार पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक मोहनबहादुर खाँणले जानकारी दिनुभयो । सोमबार बिहान ५ बजे माया सर्किनी मृतावस्थामा फेला परेकी थिइन् । घर नजिकैको गाई गोठमा आगो लगाई गोठ पूर्ण रुपमा जली गाईसमेत मृतावस्थामा रहेको भनी इलाका प्रहरी कार्यालय बन्दीपुर तनहुँ हुँदै जिल्ला प्रहरी कार्यालयमा खबर आएको थियो।

'घटनास्थल तथा लासजाँच मुचुल्का गरी प्रारम्भिक अनुसन्धान गर्दा मायालाई निजकै छोराबुहारीले कर्तव्य गरी मारेको खुल्न आएकाले पक्राउ गरी अनुसन्धान थालिएको छ', खाँणले भन्नुभयो।

# यस आर्थिक वर्षभित्र 'उज्यालो तनहुँ' घोषणा गरिने

पोखरापत्र संवाददाता
तनहुँ, १ फागुन

विद्युत् प्राधिकरण, तनहुँ वितरण केन्द्र दमौलीले जिल्लालाई 'उज्यालो तनहुँ' घोषणा गर्ने भएको छ।

विद्युत् पहुँच नपुगेका क्षेत्रमा विद्युतीयकरण गरी यसै वर्षभित्र अन्धकारमुक्त जिल्ला घोषणा गर्न लागेको हो। देवघाट गाउँपालिकाका केही वडामा विद्युत् पहुँच पुग्न बाँकी रहेकाले विद्युत विस्तारको कार्य तिव्र गतिमा भइरहेको वितरण केन्द्रका प्रमुख मेखराज जोशीले जानकारी दिनुभयो । उहाँका अनुसार देवघाटका केही वडामा बाहेक सबै क्षेत्रमा विद्युतीयकरण भइसकेको छ । बन्दीपुर-६ स्थित साराङघाटमा ३३/११ केभी क्षमताको ट्रान्समिटरको काम भइरहेकाले उक्त काम सम्पन्न हुनेबित्तिकै सबस्टेशन सञ्चालनमा ल्याई देवघाट क्षेत्रमा विद्युत सप्लार्यस गर्ने योजना रहेको उहाँले बताउनुभयो। देवघाटगाउँपालिकाको वडा नं १ को जामुने देउसरामा पचहत्तर, वडा नं २ को डिहीमा बीस, च्याप्छिना चालिस, वडा नं ३ को साविडाँडामा बीस, क्वादी फस्टेपानीमा साठी घरमा विद्युत् पहुँच पुऱ्याउन बाँकी छ। 'ती वडामा विद्युत् विस्तारका लागि चार वटा विद्युत् खम्वा आवश्यक छ', उहाँले भन्नुभयो। त्यस्तै वडा नं ४ मा बजेट माग गरेर टेन्डरमार्फत तार टाँग्ने काम भइरहेको छ। उहाँले भन्नुभयो, 'एक/दुई घरमा विद्युत् पुऱ्याउन धेरै खम्बा आवश्यकपर्ने स्थानमा विद्युत् विस्तार गरिएको छैन् ।' जिल्लामा कूल ४३ हजार विद्युत्का ग्राहक छन् । विद्युत् प्राधिकरण, तनहुँ वितरण केन्द्र दमौलीले रू ३८ लाख १५ हजार सात सय २३ विद्युत् महसुल बक्यौता रहेको जनाएको छ।

विसं २०७९ साउन १ देखि पुस मसान्तसम्म रू ३८ लाख १५ हजार सात सय २३ विद्युत् महसुल बक्यौता रहेको छ भने रू ९० लाख ९० हजार दुई सय ७७ महसुल शुल्क असुली गरिसकेको सो केन्द्रले जनाएको छ।

